नगर माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

## मिति २०८० आश्विन २३ गतेको २१ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) गत आ.व मा खेलकुद पूर्वाधार निर्माण वडा नं ३ को योजना कार्यसञ्चालन गर्ने क्रममा विभिन्न कारणवाट शुरुमा निर्माण स्थलमा विवाद भएको, पछि समझदारि हुँदा काम गर्ने समय कम भएको कारण निर्माणको जिम्मा लिएको ठेकेदारले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेको, संघिय बजेट फ्रिज भएको तर यो आ व मा वजेट विनियोजन हुन नसकेको हुँदा उक्त योजनालाई भुक्तानी भएको रकमको आधारमा योजना फरफारक गर्ने ।

३) यस आ.व. को लागि यस नगरपालिकाको वडा न. ३ , ६ ,७ र ९ नं. वडाहरुमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन गर्ने ।

४) यस पालिकाको वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित कार्यक्रममा राष्ट्रिय निकुञ्ज भित्रको झाडि सफाईको लागि वडा नं १ मा नपुग हुने रकम रु १०८,०००। विपद व्यवस्थापन शिर्षकबाट बेहोर्ने ।

५) वैकल्पिक उर्जा प्रवर्धन केन्द्रले निकालेको आशय पत्र सहितको माग संकलन संवन्धि सूचना बमोजिम यस नगरपालिकाले बेहोर्नु पर्ने रकम आगामी नगरसभावाट विनियोजन गर्ने गरि लागत साझेदारिमा स्वच्छ चुलो कार्यक्रम अन्तर्गत विद्युतिय चुल्हो कार्यक्रममा साझेदारी गर्न माग प्रस्तुत गर्ने ।

६) आर्थिक सहायताको लागि देहायका निवेदन प्राप्त भएकोमा देहायका व्यक्ति तथा संस्थाहरुलाई देहायको शिर्षकवाट रकम उपलब्ध गराउने

| **व्यक्ति वा संस्थाको नाम थर** | **रकम** | **खर्च हुने शिर्षक** |
|---|---|---|
| क) वडा नं ५,टेण्ट खर्च, नारायणी इलेक्टोनिक्स सेन्टर | २५००० | विविध खर्च |
| ख)अमुत रामदाम सहायक पाँचौ, उपचार खर्च | ८५००० | कर्मचारी विमा उपचार |

७) होमस्टे महासंघको चौथो महाधिवेशन यहि आश्विन २६ देखि २८ सम्म यसै नगरपालिकामा सम्पन्न हुने हुँदा आवश्यक समन्वय तथा सहकार्य र सहयोग गर्ने ।

८) वडा नं ८ को कार्यालयको मिति २०८०।६।५ च.नं. २१९ को पत्रवाट अनुरोध भए बमोजिम वागमती प्रदेश सरकारवाट आ.व. २०८०।०८१ मा विनियोजित चौकिडाँडा खानेपानी डिप बोरिङ्ग शिर्षकलाई चौकिडाँडा सिंचाइ डिप बोरिङ्ग कायम गरिदिनको लागि सुम्वन्धित निकायमा सिफारिस गर्ने ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित।

प्रमुख प्रशासकीय अधिकृत

नगर माडी नगरपालिका
कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

९) यस कार्यालयमा रोजगार संयोजकको पदमा कार्यरत श्री यमुना ढकालले रोजगार शाखाको अतिरिक्त सहकारी शाखा तथा न्यायिक समिति सचिवालयको सहजकर्ताको समेत जिम्मेवारी वहन गर्नु भएकोले अन्य शाखा प्रमुखलाई दिए सरहको शाखा प्रमुख भत्ता २०८०।०४।०१ देखि नै उपलब्ध गराउने ।

१०) यस आ.व को रातो किताव बनाउने क्रममा पेज नं. १०७ सि नं २४० मा जनजाती समितिको बैठक अर्न्तक्रिया हुनु पर्नेमा अन्यथा भएको, पेज नं. १०५ को सि नं. २२६ मा जनजाती जनप्रतिनिधिको लागि नेतृत्व विकास तथा कानूनी सचेतना तालिम हुनु पर्नेमा अन्यथा भएकोले सोही अनुसार सच्याइ कार्यक्रम सञ्चालन गर्ने ।

११) वडा नं. २ को जिवनपुर देखि विद्यालय हुँदै बैराठ जोडिने सडकमा सरकारी जग्गा कव्जा गरि बनाइएका घरहरु खालि गर्नको लागि दुइ महिनाको समय दिएर सार्वजनिक सूचना जारी गर्ने ।

११) इजरायलमा कार्यरत नेपाली विद्यार्थीहरुलाई विद्रोही समुहले गरेको निर्मम हत्याको भर्सना गर्दै मृतक विद्यार्थी प्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवार जन प्रति समवेदना प्रकट गर्ने ।

१२) २०८० सालको विजया दशमी तथा बडादशैंको शुभकामना आदानप्रदान गरियो ।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित

२०८०।६।२३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner